Tribhuvan University
2078

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year
अनिवार्य नेपाली -४०२

Full Marks: 70
Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

१. तलका दुवै प्रश्नको उत्तर दिनुहोस : ३+३= ६

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दको अक्षरीकरण र अक्षर सङ्ख्याङ्कनसमेत गर्नुहोस् :

(ख) तलको अनुच्छेदलाई वर्णविन्यास मिलाई शुद्ध गर्नुहोस् :

केहि समय पछि रात पर्‍यो उनीं मेरो छेउमा आये र निकै बेरसम्म मेरो अनुहारलाई एकटक हेरिरहे, मानौँ त्यस मनुश्यको चित्रलाई आफ्नो मानसपटलमा स्थायी रुपमा अङ्कित गर्न चाहन्छ ।

२. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) निम्नलिखित गद्यांश पढी दुई तत्सम, दुई तद्भव र दुई आगन्तुक शब्द पहिचान गर्नुहोस् :

<u>ल</u>, त्यो <u>बदमास</u> बिरालाले <u>सम्पूर्ण</u> दुध खाएछ । सबैले <u>दुःख</u> माने पनि तिमीले <u>त्यसरी</u> दुःख नमान । धैर्य गर, आफ्नो <u>इज्जत</u> सम्झ ।

अथवा

माथि प्रश्न नं. २ (क) को अनुच्छेदमा रेखाङ्कित शब्दको पदवर्ग पहिचान गर्नुहोस् ।

(ख) तलको अनुच्छेदबाट तीन वटा समस्त र तीन वटा द्वित्व शब्द टिपी तिनको निर्माणप्रक्रिया देखाउनुहोस् :

सानो स्वार्थपूर्तिका लागि तानातान र मारामार गर्नुपर्ने केही छैन । आफ्नै कर्मशक्तिद्वारा भाग्योदय गर्न सकिन्छ, ससानो व्यवसाय गरेर, शिक्षार्जन गरेर जीवन उकास्न सकिन्छ, झैझगडा गर्नुपर्ने केही छैन ।

(ग) निम्नलिखित अनुच्छेद पढी छ वटा प्राविधिक/पारिभाषिक शब्द टिपोट गर्नुहोस्

तराईका सिमसार क्षेत्र पर्यावरणीय संरक्षणका दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ । जैविक विविधता, तापक्रमको नियन्त्रण अनि प्रकृतिको पारिस्थितिक चक्रको

सन्तुलन यसका प्रमुख पक्ष हुन् । त्यहाँ रैथाने चराचुरुङ्गी रहनुका साथै जाडो छल्न विभिन्न प्रजातिका पक्षीहरू आउँछन्, त्यहाँ विभिन्न किसिमका जीवाणुका साथै जीवजन्तु रहन्छन् र त्यहाँ खानयोग्य र अयोग्य, औषधीय गुण भएका र नभएका विभिन्न थरीका वनस्पति पाइन्छन् ।

३. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) अज्ञातभूतको प्रयोग गरी छ वटा वाक्यमा हिजो भएको नतिजा प्रकाशनको बयान गर्नुहोस् ।

(ख) भाववाच्यका छ ओटा वाक्यमा आफूले गरेका कार्यको वर्णन गर्नुहोस् ।

(ग) तलका वाक्यलाई एउटै संयुक्त वाक्यमा वाक्यान्तरण गर्नुहोस् :
सरिताले घर निर्माण गरी । उसले राम्रो बगैँचा बनाई । ऊसँग पुर्ख्यौली सम्पत्ति थियो । उसले व्यापार गरेर कमाएकी पनि थिई । उसले व्यापार बढ्ने आशा गरेकी छ । उसले मान्छेको आवतजावत बढी हुने ठाउँमा घर बनाएकी छ ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तल दिइएको तालिकालाई अनुच्छेदमा रूपान्तरण गर्नुहोस् :

| बाग्मती प्रदेशको जिल्लागत साक्षरता दर (सन् २०१३) | | | |
|---|---|---|---|
| जिल्लाको नाम | महिला | पुरुष | जम्मा |
| काठमाडौँ | ७९.८% | ९२.२% | ८६.३% |
| ललितपुर | ७४.७% | ९०.१% | ८२.५% |
| भक्तपुर | ७२.७% | ९०.५% | ८१.७% |
| काभ्रेपलाञ्चोक | ६०.९% | ७९.६% | ६९.८% |

अथवा

तलको अनुच्छेदमा दिएका सूचना र तथ्यलाई स्तम्भचित्रमा रूपान्तरण गर्नुहोस्:
सन् २०२१ को नेपालको कुल जनसङ्ख्यामध्ये चार वर्ष सम्मका महिला १२,५३,००६ र पुरुष १३,१४,९५७ गरी जम्मा २५,६७,९६३ जना, पाँच वर्षदेखि नौ वर्षसम्मका महिला १५,६९,९८३ र पुरुष १६,३५,१७६ गरी जम्मा ३२,०४,८५९ जना रहेका छन् । त्यसैगरी दश वर्षदेखि चौध वर्षसम्मका महिला १७,१०,७९४ र पुरुष १७,६४,६३० गरी जम्मा ३४,७५,४२४ जना र पन्द्रदेखि उन्नाइस वर्षसम्मका महिला १४,८८,७८९ र पुरुष १४,४३,१९१ गरी जम्मा २९,३१,९८० जना रहेका छन् ।

(ख) 'लागु पदार्थको दुर्व्यसन र युवा' शीर्षकमा १०० शब्दमा नघटाई एउटा अनुच्छेद लेख्नुहोस् ।

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूले केकस्तो व्याकरणिक संसक्ति निर्माण गरेका छन् ?

रुद्रप्रसाद गाउँका भलादमी हुन् । गाउँको विकासमा उनको महत्त्वपूर्ण योगदान छ । रुद्रप्रसाद भनेपछि गाउँमा नचिन्ने कोही छैनन् । त्यसैले उनलाई अनुकरणीय व्यक्ति मानिन्छ ।

(ख) तलको गद्यांशमा रेखाङ्कित शब्दहरूले केकस्तो कोशीय संसक्ति निर्माण गरेका छन् ?

देशलाई माया गर्नु देशवासीको कर्तव्य हो । आफूप्रति जति प्रेम हुन्छ, त्यति देशलाई पनि गर्नुपर्छ । यही देशमा हाम्रो जन्म, यही देशमा हाम्रो मृत्यु पनि हुन्छ ।

६. (क) तलको गद्यांश पढी अन्त्यमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् : १.५×४= ६

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो । निरञ्जन सत्य हाम्रो जीवनको उपर छ र निराकारबाट आकारमा नआउन्जेल हामीलाई इन्द्रियगोचर हुँदैन । 'एकोऽहं बहुस्याम:' को स्फुरणमा विश्वकला त्यो प्रेमको आधारमा जन्मिई जो ब्रXमपासमा झलमलाउँदै उठेका अनेक जीवात्मालाई अनन्त मायाश्रयको विस्तारमा विलास दिन चाहन्थ्यो । निराकारमा स्फुरण छ, तर साकारमा कला छ । सिर्जनाको मूल तत्त्व प्रेम हो र प्रेमको मूल क्रिया आनन्द दिनु हो । स्रष्टाको दिव्य प्रतिभामा विश्व जन्मियो र हामी यस रचनाको अध्ययनद्वारा दिव्य चैतन्य, दिव्य सत्य, दिव्य सौन्दर्य र दिव्य ज्ञानका स्पष्ट सङ्केतहरू पाउँछौं । परमेश्वरको सिर्जनात्मक कल्पना पूर्णतामा काम गर्दछ र ईश्वरीय सत्यलाई सुन्दर रेखा-रङ्गरूपमा प्रकाशन गर्दछ । हामी 'सुन्दर' भन्ने चेत पाउँछौं सत्यको आभासद्वारा र जहाँ सत्य छैन, त्यहाँ सौन्दर्य पनि छैन । कीट्सले भनेका छन् कि 'सत्य नै सौन्दर्य हो र सौन्दर्य नै सत्य हो ।' यो ईश्वरको आत्मप्रकाशनरूप कलात्मक सिर्जनामा यस्तो विदित हुन्छ कि सत्य सुन्दर हुँदै इन्द्रियग्राह्य रूपहरूमा ओर्लिरहेछ ।

सत्य पनि धेरै किसिमको हुन्छ, जस्तो काल्पनिक सत्य, व्यावहारिक सत्य र दार्शनिक सत्य । जुन चिज त्रिकालाराध्य छ त्यसलाई सत्य भनिन्छ र ईश्वर नै प्रथम र अन्तिम सत्य हुन् । तर व्यवहार जीवनमा सत्यले धेरै स्वरूप लिन्छ र इन्द्रियगोचर दुनियाँको कडा ग्राह्य सत्यलाई म व्यावहारिक सत्य सम्झन्छु । विवेकको अन्वेषणद्वारा प्राप्त हुने चाहिँलाई दार्शनिक सत्य भन्दछु र मनका सूक्ष्म चित्रणहरूद्वारा झल्किनेलाई काल्पनिक । ढुङ्गा कडा हुन्छ भन्नु व्यावहारिक सत्य हो, एक-एक जोडे दुई हुन्छ भन्ने र सृष्टिका अस्तित्वद्वारा स्रष्टाको अस्तित्व छ भन्ने कुरालाई म दार्शनिक सत्य भन्दछु, र सरस्वतीलाई देखेर उहाँसँग कुरा गरें भन्ने

किसिमको चिजलाई म काल्पनिक सत्य सम्झन्छु । मेरा निमित्त व्यवहार सीमित छ, म काल्पनिक सत्यलाई नै ज्यादा रुचाउँछु र त्यसैद्वारा ईश्वरको झल्काझिल्की पाउँछु ।

मेरो विचारमा मानवकलाहरू काल्पनिक सत्यमा निर्भर रहन्छन् । खालि व्यवहारको सोझो चित्रणले कलाको रूप लिन सक्तैन, न त मेरो रायमा फोटोग्राफी कुनै कला हो, यद्यपि धेरै जना मोटामोटी चिजलाई कलाका नाममा चौडा अर्थले लिने गर्दछन् । ती चिजहरू कला नै होइनन्, जहाँ यन्त्रहरू मात्र सफल हुन सक्दछन् । जहाँ विवेक मात्र काम गर्दछ र जहाँ कल्पनाको कारीगरी र सीपको जरुरत छैन । मानव रचनाहरू कलानजिक त्यति मात्रामा आउँछन् जति मात्रामा तिनउपर सिर्जनात्मक कल्पनाको रङ्गरेखा देखिन्छ र जति मात्रामा हिसाब र विवेक नजिक पुग्दछन्, उति यान्त्रिक रचनाहरू बन्दछन् । गणितका सूत्रले हुने कामहरू मगजका काम भए पनि कला भन्न सुहाउँदैनन् । चित्रकारी कला हो, फोटोग्राफी होइन ।

प्रश्नहरू

(अ) माथिको भनाइअनुसार कला भनेको के हो र त्यसले कसरी पूर्णता प्राप्त गर्दछ ?

(आ) माथिको कथनअनुसार सत्य भनेको के हो र ईश्वरको झल्को पाउने उपाय के हुन् ?

(इ) उपर्युक्त गद्यांशमा मानवकला किन काल्पनिक सत्यमा निर्भर हुन्छ ?

(ई) उपर्युक्त अनुच्छेदहरूमा प्रस्तुत जीवनदर्शन के हो र त्यसका आधार के के हुन्?

(ख) प्रश्न नं. ६ (क) का अनुच्छेद पढी सोधिएका प्रश्नको सर्वोपयुक्त उत्तरमा रेजा लगाउनुहोस् :

१×४= ४

(अ) निरञ्जन सत्य हामीभन्दा माथि किन हुन्छ ?

(क) निराकार भएकाले (ख) इन्द्रिय अगोचर भएकाले
(ग) ईश्वरीय सत्य भएकाले (घ) अनन्त मायाश्रय दिने भएकाले

(आ) कलाको मूल प्रयोजन के हो ?

(क) प्रतिभा प्रकटित गर्नु (ख) आनन्द प्रदान गर्नु
(ग) दिव्य ज्ञान प्रदान गर्नु (घ) कल्पनालाई पूर्णता दिनु

(इ) ईश्वर नै प्रथम र अन्तिम सत्य किन हुन् ?

(क) स्रष्टाको दिव्य प्रतिभा भएकाले (ख) दिव्य चैतन्य भएकाले
(ग) दिव्य ज्ञानका आधार भएकाले (घ) सबै कालमा आराध्य भएकाले



क्रमश

(ई) फोटोग्राफी किन कला होइन ?

(क) ज्यादा यान्त्रिक हुने भएकाले (ख) विवेक र बुद्धि ज्यादा हुने भएकाले

(ग) व्यावहारिक सत्यमा आधारित भएकाले

(घ) इन्द्रियगोचर दुनियाँमा आधारित भएकाले

७. प्रश्न नं. ६ (क) का अनुच्छेद पढी त्यसबाट मुख्य मुख्य चार बुँदा टिप्नुहोस् : ४

अथवा

प्रश्न नं. ६ (क) को गद्यांशलाई सङ्क्षेपीकरण गर्नुहोस् ।

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) कुनै प्रसिद्ध कविको व्यक्तिगत विवरण तयार गर्नुहोस् ।

(ख) कपालमा लगाउने तेलको विज्ञापन तथा कुनै सांस्कृतिक कार्यक्रमा उपस्थित हुनका लागि लेखिने निमन्त्रणापत्रको नमुना तयार गर्नुहोस् ।

९. तलका विषय शीर्षकमध्ये कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दको निबन्ध लेख्नुहोस् : ७

(क) खेलकुद र स्वास्थ्य

(ख) नेपालको जलस्रोत

(ग) हाम्रो सांस्कृतिक सम्पदा

१०. बेमौसमी वर्षाको बाढीपहिरोले कालिकोटको माबु गाउँपालिकामा पुऱ्याएको धनजनको क्षतिको मुख्य सन्दर्भहरूलाई समेटेर एउटा प्रतिवेदन लेख्नुहोस् : ५

११. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् : ४+४= ८

(क) 'मेरो चोक' कवितामा केकस्तो व्यङ्ग्य पाइन्छ ?

(ख) 'के नेपाल सानो छ ?' निबन्धअनुसार नेपाल किन सानो छैन ?

(ग) 'एक रात' कथामा पात्रका क्रान्तिको भावनालाई कसरी प्रस्तुत गरिएको छ?

१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ६

(क) 'चुली' उपन्यासमा प्रस्तुत हिमाल आरोहण सङ्घर्षपूर्ण र साहसिक कार्य हो भन्ने धारणाप्रति आफ्नो प्रतिक्रियात्मक टिप्पणी लेख्नुहोस् ।

(ख) 'सत्ताको खोजमा' एकाङ्कीमा प्रस्तुत नारीको अस्तित्व र स्वतन्त्रतासम्बन्धी विचारका सन्दर्भमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

□